महाभारत गाउँपालिका
Mahabharat Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
देविटार, काभ्रेपलाञ्चोक
Devitar, Kavrepalanchok
स्था: २०७३ / Estd.: 2073
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प. सं./Letter No.:- ०८२।०८३

च. नं./Ref. No.:- ९

मिति २०८२।०५।०४

## कृषक समूह/ कृषि फर्म दर्ता तथा नवीकरण गर्ने सम्बन्धि सूचना।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आ. व. २०८२।०८३ मा कृषि विकास कार्यक्रमहरु संचालनार्थ नयाँ कृषक समूह दर्ता तथा विगत देखि दर्ता भई संचालनमा रहेका कृषक समूह तथा कृषि फर्महरु नवीकरणका लागि यो सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८२।०६।०४ गते भित्र) तपसिल बमोजिमका कागजातसहित महाभारत गाउँपालिकाको कृषि विकास शाखामा दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

**नयाँ कृषक समूह दर्ताको लागि**

१. समूहको बैठकको निर्णयको प्रतिलिपि (समूह गठन नामाकरण पदाधिकारी चयन आदि)।
२. समूहको विधान २ प्रति।
३. समूहको अध्यक्षको पासपोर्ट साइजको फोटो २ प्रति।
४. समूहको प्रत्येक सदस्यको नागरिकता र लालपूर्जाको प्रतिलिपि।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस र समूहको निवेदन।
६. कृषि फर्मको हकमा वडा कार्यालयको सिफारिस, निवेदन, संचालकको नागरिकता, जग्गाधनी पूर्जाको प्रतिलिपि।

**कृषक समूह नवीकरणको लागि**

१. समूहको बैठकको निर्णयको प्रतिलिपि।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस र समूहको निवेदन।
३. व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि।
४. कृषक समूह दर्ता सक्कल प्रमाणपत्र।
५. स्थायी लेखा नम्बर, करचुक्ता प्रमाणपत्र प्रतिलिपि।
६. कृषि फर्मको हकमा वडा कार्यालयको सिफारिस, संचालकको निवेदन, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाणपत्र प्रतिलिपि र व्यवसाय दर्ता प्रमाणपत्र।

थप जानकारीको लागिः ९८६६९४९२०२ ९८४८०४७४६४

राम बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत